# आर्थिक वर्ष २०७६/७७ को

# छत्रदेव गाउँपालिकाको नीति तथा कार्यक्रम

## छत्रदेव गाउँपालिका

## छत्रदेव गाउँ कार्यपालिकाको कार्यालय

### छत्रगञ्ज, अर्घाखाँची,

**५ नं. प्रदेश नेपाल**

**०७ असार २०७६**

छत्रदेव गाउँपालिका

# छत्रदेव गाउँपालिकाको गाउँ सभामा

# अध्यक्ष श्री लेखनाथ पोखेलले प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०७६/७७ को

# छत्रदेव गाउँपालिकाको नीति तथा कार्यक्रम

## छत्रदेव गाउँपालिका

## छत्रदेव गाउँ कार्यपालिकाको कार्यालय

### छत्रगञ्ज, अर्घाखाँची,

**५ नं. प्रदेश नेपाल**

**०७ असार २०७६**

छत्रदेव गाउँपालिका

**उपस्थित गाउँसभाका सम्पूर्ण सदस्यज्यू,**

१. नेपालको संविधान बमोजिम स्थानीय तहको निर्वाचन सम्पन्न भई हामीहरुले जिम्मेवारी सम्हालेको दुई वर्ष पुरा भएको छ । आजको दिनमा छत्रदेव गाउँपालिकाले महत्वपूर्ण उपलब्धिहरु सहित तेस्रो नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई गौरवको महशुसभएको छ ।

२. लोकतन्त्र स्थापनार्थ आफ्नो प्राण उत्सर्ग गर्ने राममणी ज्ञवाली, शिवलाल पोखरेल, पद्मचन श्रेष्ठ लगायत सम्पुर्ण ज्ञात, अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । साथै जनआन्दोलनका घाइतेहरु, द्वन्द्वपीडित व्यक्तिहरु, वेपत्ता पारिएका नागरिक र तीनका परिवारलाई स्मरण गर्न चाहन्छु ।

३. छत्रदेववासी आम नागरिकहरुको जीवनस्तरमा सुधार ल्याउने हाम्रो प्रयत्न दोश्रो वर्षको नीति, बजेट तथा कार्यक्रम कार्यान्वयन मार्फत सफलतातर्फ उन्मुख भएको यहाँहरु समक्ष जानकारी गराउन चाहन्छु । आगामी दिनमा समेत हाम्रो स्थानीय सरकार सदा छत्रदेववासी आम नागरिकको मुहारमा खुशी ल्याउन अहोरात्र खट्ने दृढता समेत व्यक्त गर्दछु । हाम्रा प्रयत्नहरुमा साथ दिने सबै अग्रजहरु, छत्रदेववासी जनताहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

४. स्थानीय सरकार नेपाली जनताको त्याग, बलिदान र लामो संर्घषको परिणाम हो । यो सरकार जनतालाई आफ्नो नजिकको सरकारको अनुभूति दिलाउने सरकार हो । तसर्थ जनताको चाहना र आकांक्षाहरुलाई परिपुर्ति गर्न हामी दृढ छौं । जनताको पूर्ण लोकतन्त्र, मौलिक अधिकार प्रति प्रतिबद्ध रहँदै सुशासन, सदाचार, भ्रष्टाचारमूक्त, सभ्य र कर्तव्यनिष्ट ज्ञानमा आधारित समाज (Knowledge Based Society) निर्माणमा हामी अगाडी बढ्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

५. छत्रमहाराजले राज गरेको यस पुण्य भूमीमा बसोबास गर्ने हाम्रा नागरिकहरुको खुशी नै हाम्रो एक मात्र चाहना हो । करिब १५ वर्षसम्म स्थानीय तहमाजनप्रतिनिधिको रिक्तता पछि दुई वर्ष अगाडी हाम्रो सरकार गठन भएको हुँदा जनताका असिमित आकांक्षाहरु हुनु स्वभाविकनै हो । सरकार गठनको शुरुवात देखि नै हामी निरन्तर जनआकांक्षा पुरा गर्न अहोरात्र खटेको सबै सामु ऐना जस्तै छर्लङ्गै छ । छोटो अवधिमै सबै कामहरु पुरा गर्न गाह्रो पर्ने वास्तविकता समेत सबैलाई विदितै हुने कुरा हो ।हामी भविष्यमा समेत योजनाबद्ध ढंगबाट आफ्ना क्रियाकलापहरु तय गरी समृद्ध छत्रदेव निर्माणमा जुट्नेछौं ।

६. देशमा संविधानले परिकल्पना गरेका तीन वटै तहका सरकारहरुको गठन भई राजनीतिक स्थिरता कायम भइकेको अवस्थामा अब आर्थिक तथा सामाजिक विकास नै हाम्रो लक्ष्य हो । संविधान प्रदत्त अधिकारको उपयोग गर्दै समृद्ध छत्रदेव निर्माणमा जुट्न म सबैलाई आग्रह गर्दछु । छत्रदेव गाउँपालिकालाई अन्य स्थानीय सरकारहरुको तुलनामा नमूना स्थानीय तहको रुपमा विकास गरी यहाँका जनतालाई सम्मानित नागरिक भई जीवन जीउने

अवस्थाको सिर्जना गर्ने तर्फ विकासका सबै आयामहरु समेटिएको विकासको रुपमा हाम्रा गतिविधिहरु केन्द्रित हुनेछन् ।

७ आन्तरिक स्रोत अति न्यून परिचालनको अवस्था रहेको सन्दर्भमा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदानमा भर पर्नु परेको अवस्था हामी सबैलाई जानकारी छ । करको क्षेत्र र दर निर्धारण गर्दा करदाताको क्षमता, करको प्रकृती तथा उठ्ने रकमको आकार र कर उठाउंदा सम्वन्धित क्षेत्रको विकास तथा विस्तारमा पर्न जाने सकारात्मक वा नकारात्मक असर समेत आंकलन गरी सरोकारवालाहरुको सुझाव समेतका आधारमा विगत आ.व.हरुमा परिचालन गरिएका करका दायराहरुलाई विचार गर्दै कर तिर्ने नागरिक दायित्व पुरा गर्न अभिप्रेरित गरिनेछ । प्राप्त अनुदान र नागरिकहरुबाट प्राप्त करको समुचित उपयोगमा जोड दिइनेछ ।

८. सरकारी खर्चको कुशल व्यवस्थापनवाट सुशासनका आयामहरुको क्रियाशिलताबाट विकासका लक्ष्यहरु पुरा गरिनेछ । वित्तीय अनुशासन कायम गर्न बिशेष जोड दिईने छ । सरकारी कोषको सदुपयोगमा हामी सचेत रहेको ब्यहोरा यहाँ प्रतिबद्धता ब्यक्त गर्न चाहन्छु ।

९. श्रमको सम्मान, श्रमजीविहरुको सुरक्षा, रोजगारी सृजना, उद्यमशिलता विकास र आय आर्जन जस्ता विषयहरु छत्रदेव सरकारका प्राथमिकताका विषयहरु हुन । सभ्य र परिश्रमी नागरिक सरकारका सम्पत्ति हुन् । सबै नागरिकहरुलाई मेहनती र स्वरोजगारमूलक बन्न अभिप्रेरित गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ । हस्तकलाका सामान जस्तो, तामाका भाँडाहरु, फलामका घरेलु हतियारहरु, आरन सुधारका काम, बाँसका डोका, डालो, मान्द्रा, मुडा, कुर्ची, सोली आदि र सुनका गरगहना बनाउने काम एवम् माटाका भाँडा बनाउने कामलाई विशेष प्राथमिकता दिईने छ । गाँउपालिकामा एक औद्योगिक ग्राम स्थापनाको प्रक्रिया घरेलु तथा साना उद्योग विकास समिति, अर्घाखाँचीद्वारा प्रक्रिया अगाडि बढेको व्यहोरा यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छु । यसको लागि उपयुक्त जग्गा प्राप्ति गर्ने कार्य बाँकी रहेको व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

१०. गाउँपालिकामा उत्पादित सामानहरुको प्रबर्द्धन गर्न कोशेली घर एवम् हाटबजारको व्यवस्थालाई प्राथमिकता दिईने छ ।

११. कृषिमा विविधिकरण, यान्त्रिकरण तथा व्यावसायीकरण गर्दै निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिक रुपमा विकास गरिनेछ । कृषिलाई सम्मानजनक पेशाको रुपमा रुपान्तरण गरी छत्रदेवमा विद्यमान शैक्षिक बेरोजगारीलाई कृषिमा आवद्ध गराउँदै यसको उत्पादन तथा उत्पादकत्व बढाउने नीति लिइनेछ । कृषि उत्पादनमा हुने लाभ/लागत अनुमानको प्रभावकारी रुपले विश्लेषण गरी नगदे बालीको प्रवर्द्धन गरिनेछ ।

१२. सिंचाइको अभावलाई मध्यनजर गरी आँप, लिचि, कागती जस्ता फलफुलहरुको पकेट क्षेत्र बनाइनेछ । उन्नत जातका विरुवाको उत्पादन गरी उत्पादकत्व वृद्धि गर्न “**आधुनिक सुविधा**

**सम्पन्न स्वचालित हरितगृह"**को स्थापना गरिनेछ । खाद्य सुरक्षा र खाद्य सम्प्रभुताको संवैधानिक मौलिक हकलाई व्यवहारिक रुपमा कार्यान्वयन गरिनेछ । किसानहरुको बजार पहुँच सुनिश्चित गर्दै विचौलियाहरुलाई निरुत्साहित गर्ने नीति लिइनेछ । विषादीहरुको न्यून प्रयोग गरी अर्गानिक उत्पादनलाई प्रोत्साहन गर्दै **"छत्रदेवको पहिचान, अर्गानिक उत्पादन"** भनी जिल्ला तथा प्रदेशस्तरमा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ । तयारी खाद्य वस्तुलाई निरुत्साहित गर्ने नीति लिइनेछ । **"मेरो घर, रोजगारीको भर"** भन्ने हाम्रो नारालाई सार्थक तुल्याउने गरी कार्य अगाडि बढाइनेछ ।

१३. बालिनाली संरक्षणको लागि वन्यजन्तु विशेषगरी बाँदर र बँदेलको नियन्त्रणका लागि अध्ययन अनुसन्धान पश्चात आवश्यक क्रियाकलाप सञ्चालन गर्ने प्रक्रियालाई अगाडि बढाई सकिएको छ ।

१४. तुलनात्मक लाभका वस्तुहरु पहिचान गरी कृषकहरुको चाहना वमोजिम कृषि प्रणालीलाईव्यवसायिक बनाईने छ । स्थानीय उत्पादनबाट लघु उद्यम सञ्चालन गर्न प्रोत्साहन गरिने छ । जस्तो, यहाँको उत्पादन आरु/बखडाबाट जामे, फर्सीवाट सस बनाउने जस्ता उद्यम विकास गर्न विशेष प्राथमिकता दिईने छ । उत्पादनलाई बढावा दिन पकेट क्षेत्र र ब्लक क्षेत्रको अवधारणालाई अगाडी बढाईने छ ।

१५. पशुपालनको माध्यमबाट रोजगारी सिर्जना गरी वेरोजगारी कम गर्दै लगिनेछ। व्यावसायिक पशुपालनमा विशेष गरी बैदेशिक रोजगारबाट फर्केका युवालाई लक्षित गरी आधुनिक तालिम र अनुदानको व्यवस्था गरिनेछ । पशुपालक कृषकलाई पशु औषधी, तालिम तथा अवलोकन भ्रमणबाट प्राप्त ज्ञानलाई हाम्रो अनुकूल व्यवस्था गरिने छ । यस गाउँपालिकालाई अण्डा,मासु र दुधमा आत्मनिर्भर बनाई निर्यात गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ । पशुपालन व्यवसायलाई नाफामुखी र आकर्षक बनाउनको लागि घाँसमा आधारित पशुपालन गर्न उन्नत घाँसका विऊ तथा वेर्ना वितरण तथा व्यावसायिक घाँस खेतीको पकेटको रुपमा विस्तार गरिनेछ । पशुपंक्षीको नश्ल सुधार गरी उत्पादन तथा उत्पादकत्व बृद्धि गर्नको लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई विशेष जोड दिने प्रक्रिया अगाडि बढाई सकिएको छ ।

१६. दुग्ध पदार्थ एंव मासुको गुणस्तर र स्वच्छतालाई कायम राख्न **"बधशालादेखि भान्छासम्म"**स्वच्छ र स्वस्थ्य मासु तथा **"गोठदेखि ओठसम्म"** स्वच्छ र स्वस्थ दुध कार्यक्रमलाई अभियानको रुपमा संञ्चालन गर्नको लागि बाखामा खोर सुधार,गाई भैंसीमा गोठ सुधार र मासु पसल सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ । आधुनिक उन्नत जातका गाई,भैसी, बाखा पालनमा जोड दिइनेछ ।कृषि र पशुपालन व्यवसायमा जोखिम न्यूनीकरण गर्नको लागि विमामा अनुदानको व्यवस्था गरिनेछ ।

१७ माहुरी पाल्न ईच्छुक कृषकहरुलाई चालु आ.व.मा जस्तो तालिम एवं अनुदानमा माहुरीका घार वितरणको कार्यक्रमलाई निरन्तरता दिईने छ । सम्भावना भएका उत्पादन बृद्धि गर्न

मौरी, कफी र च्याउ जस्ता उत्पादनमा क्लष्टर छुट्याईने छ । कृषि क्षेत्रलाई बढावा दिन जमिन बाँझो राख्ने प्रबृत्तिलाई निरुत्साहित गरिने छ । कृषि उपजहरुको बेसिजनमा मूल्य पर्ने गरी कोल्ड स्टोर स्थापना गर्न आवश्यक पहल गरिने छ । यस क्षेत्रका उत्पादनहरुलाई प्रवर्द्धन गर्न बजार क्षेत्रमा स्टल राख्ने व्यवस्थाको लागि आवश्यक पहल गरिने छ । बजार व्यवस्थापन अन्तर्गत माना पाथी र किलो काँटामा देखिएको अन्तरलाई बजार अनुगमनको माध्यमद्वारासमाधान गरिने छ । कृषकहरुलाई उत्पादन र उत्पादित वस्तुहरुको विक्रिको आधारमा आवश्यक सहयोगको ब्यवस्था गरिने छ । कृषि क्षेत्रको विकासको लागि माटो अनुकूल बनाउन माटो परिक्षणको आवश्यक व्यवस्था गरिने छ । कृषकहरुलाई कृषि सम्बन्धी उच्च स्तरको तालिमको व्यवस्था गरिने छ । साथै तालिमहरुलाई समयानुकूल बनाईने छ । सम्भाव्य स्थानहरुमा सिंचाईको उचित व्यवस्था गरी सहकारी कृषिलाई बढावा दिईने छ । यसका लागि एक कृषि व्यवसाय प्रवर्द्धन कोषको व्यवस्थालाई निरन्तरता दिईने छ । यहाँको कच्चा पदार्थ अन्यत्र लगी उत्पादन गर्ने पक्रियालाई निरुत्साहित गरी ***"छत्रदेवको सामान, छत्रदेवमा उत्पादन"*** भन्ने कुरामा जोड दिईने छ । उत्पादनमा आधारित अनुदान व्यवस्थालाई आवश्यक पहल गरिनेछ ।

१८. स्थानीय तहमा संचालित व्यापार,व्यवसाय र उद्योगहरुलाई प्रोत्साहन गरी व्यवसायिकता र उद्यमशिलतामा जोड दिइनेछ । निजि क्षेत्रलाई आर्थिक विकासको महत्वपूर्ण अंगको रुपमा स्वीकार गरी प्रोत्साहन गर्दै सार्वजनिक, निजि र सहकारीको माध्यमद्वारा विकास गतिविधिमा जोडदिई कार्यक्रम अगाडी बढाईनेछ ।**"एक घरः एक व्यवसायी फर्म"**को अवधारणा अनुरुप उद्यमी सिर्जना गर्न विशेष पहल गरिने छ । युवाहरुमा उद्यमशिलता विकास गर्न व्यवसाय संवर्द्धन केन्द्र (Business Incubation Centre) को स्थापना गर्न आवश्यक पहल गरिने छ, जसले उद्यमी सिर्जना गर्न टेवा पुग्ने छ साथै युवा लक्षित कार्यक्रम तर्फ विशेष जोड दिइनेछ ।

१९. बसाईसराईको तिब्र प्रवृतिलाई रोक्न **"पखनोस; हामी तपाईको लागि केही गर्दैछौं"** भन्ने भनाई सहित दीर्घकालिन सोंचकासाथ कार्यक्रम अगाडी बढाईने छ ।

२०. सहकारीहरुको विकास गरी रोजगारी सृजना, उत्पादन वृद्धि र वितरणमा तिनको भूमिका बढाइनेछ । स्थानीय सहकारीको क्षमता अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । स्थानीयस्तरमा सञ्चालनमा रहेका वित्तीय संस्था तथा सहकारी संस्थाहरुको नियमन गरिनेछ ।

**सामाजिक विकास सम्बन्धी,**

२१. **"छत्रदेवको इच्छा, युग सुहाउदो शिक्षा"** भन्ने नारालाई सार्थक तुल्याउने गरी शिक्षा क्षेत्रमा हाम्रा गतिविधिहरु केन्द्रित हुनेछन् ।

२२. विद्यालय जाने उमेर पुगेका हरेक बालबालिकाहरुलाई विद्यालयको पहुँच सुनिश्चत गर्न सो अनुरुप विद्यार्थी भर्नाको नीति लिइनेछ । गतशैक्षिक शत्रदेखि कक्षा १ बाट शुरु भएको

अंग्रेजी माध्यमको शिक्षालाई चालु आ.व.मा कक्षा २ मा लागू गरिएको र क्रमशः कक्षा वृद्धि गर्दै लगिनेछ ।

२३. बाल विकास केन्द्रका सहजकर्ताहरुको क्षमता अभिवृद्धि गरिनेछ । बाल विकासमा अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पुस्तक वितरण गर्ने कार्यलाई निरन्तरता दिईने छ । शिक्षकहरुलाई प्रगति देखिने गरी डायरी व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिंदै शिक्षकहरुको कार्यसम्पादन मापन तथा शिक्षकले अध्यापन गर्ने विद्यार्थीहरुको शैक्षिक उपलब्धिको आधारमा पुरस्कार तथा दण्डको व्यवस्था मिलाइनेछ । शिक्षाको माध्यमवाट व्यक्तिलाई व्यावसायिक, प्रतिस्पर्धी र राष्ट्रप्रति बफादार नागरिक बनाइने क्रियाकलापलाई निरन्तरता दिईने छ ।

२४. सामुदायिक विद्यालय समायोजन, दरवन्दी मिलान एवं प्र.अ. मिलान जस्ता गतिविधिहरुलाई प्राथमिकताका साथ सम्पादन गरिने छ ।

२५. विद्यार्थीहरुलाई विद्यालयमा **"ल्याउन, टिकाउन र सिकाउन"** प्रारम्भमा वाल विकास केन्द्रमा **"दिवा खाजा"**को शुरुवात गरिनेंछ ।

२६. विद्यालयमा प्राथमिक स्वास्थ्य उपचारको निम्ति आवश्यक प्रवन्ध मिलाइनेछ ।

२७ शिक्षालाई सुचना प्रविधि मैत्री बनाउन पछिल्लो सूचनाको विकासलाई अवलम्वन गर्न शिक्षकहरुलाई तालिमको उपयुक्त व्यवस्था गरिने छ । विद्यालयहरुमा कम्प्यूटर, प्रिन्टर लगायतका सामानहरुको समूचित व्यवस्था गरिने छ । शिक्षाको गुणस्तर अभिबृद्धि गरी यंहाका विधार्थीहरु अन्यत्र जाने प्रबृत्तिलाई निरुत्साहित गरिने छ । नैतिक शिक्षा, सहकारी शिक्षा, उद्यमशिल शिक्षा जस्ता कुराहरुमा विशेष जोड दिईने छ ।

२८. विद्यालयमा विद्यार्थीहरुका लागि अतिरिक्त क्रियाकलापमा विशेष जोड दिइनेछ ।

२९. विद्यालयमा हरियाली प्रवर्द्धन गर्न विद्यालय पूर्वाधार निर्माण गर्दा ध्यान दिइनेछ ।

३०. नेपालको संविधानमा प्रदत्त स्वास्थ्य सेवा पाउने नागरिकको मौलिक हकको प्रावधानलाई व्यवहारिक कार्यान्वयन गर्ने नीति लिइनेछ । सवै नागरिकहरुलाई स्वस्थ बनाउन गुणस्तरीय, सहज र सुलभ आधारभुत स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्दै सबैको स्वस्थ जीवनको प्रत्याभूती गरि दीगो विकास गर्ने नीति लिइनेछ । पोषणलाई स्वास्थ्यसँग तादम्यता मिलाई प्राथमिकतामा राखिनेछ ।

३१. स्वास्थ्य संस्थाहरुमा औषधीको कमी हुन नदिई औषधी आपूर्तिको प्रभावकारी व्यवस्था मिलाइने कार्यलाई निरन्तरता दिईने छ । पूर्ण खोप सुनिश्चितता र यसको निरन्तरताको लागि ठोस नीति लिइनेछ । स्वास्थ्य सेवालाई जनउत्तरदायी, पारदर्शी र जवाफदेही बनाइने छ ।

३२. स्वास्थ्यकर्मीको वृत्ति विकास, क्षमता अभिवृद्धिमा ध्यान दिइनुका साथै स्वास्थ्य संस्थाहरुलाई आधुनिक र पूर्वाधारयुक्त बनाइने छ । बल्कोट स्वास्थ्य केन्द्रलाई १५ शैयाको सुविधा

सम्पन्न अस्पताल बनाउन प्रक्रिया अगाडि बढी सकेको सन्दर्भमा आकश्मिक सेवा सहितको जनताको आवश्यकता अनुरुप अस्पताल सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ । जिरो होम डेलिभरी स्थानीय तह घोषणा गर्ने नीति लिइनेछ । सामाजिक सुरक्षा भत्ता वितरणसँगै निःशुल्क स्वास्थ्य परिक्षण तथा औषधी वितरण कार्यक्रमलाई थप प्रभावकारी बनाइने छ । हाल संचालनमा रहेका ३ वटै एम्बुलेन्स सेवालाई व्यवस्थति परिचालन गरिने छ ।

३३. महिला स्वयंसेविकालाई परिचयपत्रको व्यवस्था गरिने छ साथै महिला स्वास्थ्य स्वयं सेविकालाई सञ्चार सुविधाको व्यवस्था गरिनेछ । उत्कृष्ट महिला स्वयंसेविकालाई सम्मान गरिनेछ । जनप्रतिनिधि र राष्ट्रसेवक कर्मचारीलाई स्वास्थ्य विमा अनिवार्य गर्दै आम नागरिकलाई यस कार्यक्रममा उत्प्रेरित गरिनेछ ।

३४. बल्कोट प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ शैयाको अस्पताल निर्माणको प्रक्रिया अगाडी बढीसकेको सन्दर्भमा स्वास्थ्य संस्था विहिन वडा नं ३ मा “आधारभूत स्वास्थ्य केन्द्र, छत्रदेव -०३” निर्माणको कामको लागि जग्गा प्राप्तिको प्रक्रिया अगाडि बढेको र वडा नं ६ र ७ को स्वास्थ्य भवन निर्माणको लागि संघीय सरकारमा अनुरोध भई सकेको साथै वडा नं. १ र ५ का स्वास्थ्य चौकीका भवनहरु सम्पन्न हुन गई रहेको अवस्था छ । विभिन्न स्वास्थ्य संस्थाहरुमा रहेका एम्बुलेन्सहरु हाम्रा सम्पत्ति हुन, जनताको स्वास्थ्य सेवा प्रवाहमा एम्बुलेन्सहरुको उपयुक्त व्यवस्थापन गरिने छ ।

३५. स्वास्थ्य सेवा प्रवाहका दृष्टिले पछाडि परेका र जनताको व्यापक माग रहेका वडा नं. ०६ को चौवाह, वडा नं. ०८ को नेटाखर्क, वडा नं. ०१ को नेटी र वडा नं. ०७ को मडेलचौरमा सामूदायिक स्वास्थ्य ईकाई स्थापनाको प्रक्रिया अगाडि बढीसकेको व्यहोरा यस सम्मानित सभामा जानकारी गराउन चाहन्छु ।

३६. आयुर्वेदिक तथा प्राकृतिक चिकित्सा पद्धतिलाई पवर्द्धन गर्न व्यवसायिक जडीबुटी खेतीलाई प्रोत्साहन गर्न सो को पहिचान र प्रयोगमा विशेष जोड दिईने छ । गाॅउपालिकामा एक आयुर्वेद केन्द्र स्थापना गर्न विशेष पहल गरिने छ । योगाभ्यास र ध्यान केन्द्रको माध्यमद्वारा सकारात्मक सोंच विकासमा गाउँपालिकाले विशेष कार्यक्रम सञ्चालन गर्ने छ ।

**सभाका सदस्यज्यूहरु,**

३७ गाउँपालिका अन्तर्गतका सबै वडाहरुमा स्वच्छ र स्वस्थ खानेपानीको व्यवस्था गर्नको लागि आवश्यक कदम चालिने छ । सबै वडाहरुमा प्रदेश र संघीय सरकारसँग समन्वय गरी कम्तिमा एक वडा एक लिफ्टिङ खानेपानी आयोजना सञ्चालन गरिने कार्यक्रमलाई अगाडी बढाई सकिएको छ र नपुग भएका क्षेत्रहरु समेट्ने गरी निरन्तरता दिईने छ । पूर्ण सरसफाईयुक्त गाउँपालिकाको घोषणाका लागि आवश्यक बजेट व्यवस्था गरी चालु आ.व.मा कार्यान्वयन प्रक्रिया अगाडी बढाई सकिएको र आगामी आ.व.२०७६/०७७मा गाउँपालिकाका सबै वस्तीहरुमा सरसफाई सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

३८. आगामी ५ वर्ष भित्रमा शतप्रतिशत जनतालाई सुधारिएको खानेपानी र सरसफाईको व्यवस्था गर्ने गरी योजना तथा कार्यक्रम तर्जुमा र बजेट विनियोजन र कार्यान्वयन गरिने छ ।

३९. खानेपानीको उचित व्यवस्थापको लागि खानेपानी प्रणालीलाई मिटर प्रणालीमा लगी पानीको पूर्ण सदुपयोगमा जोड दिने साथै मितव्ययीतापूर्ण उपभोगलाई वढवा दिन खानेपानीलाई पहिलो प्राथमिकता दिई खानेपानी वर्षको रुपमा क्रियाकलाप केन्द्रित गरिने छ ।साथै जनताको आवश्यकता अनुरुप **"एक घर, एक धारा"** को अभियानलाई अगाडी बढाइने छ ।

४०. फोहोर मैला व्यवस्थापनका लागि डम्पिङ्ग साइट स्थापना गर्न र पूर्वाधारको निम्ति बजेटमा आवश्यक व्यवस्था गरिने छ ।

४१. छत्रदेव गाउँपालिका क्षेत्रभित्र रहेका सम्पूर्ण धार्मिक स्थल,मौलिक संस्कृति, प्राचिन पोखरी, परम्परागत बाजागाजा, नाँच, चाडवाडको संरक्षणलाई प्राथमिकता दिई बजेट व्यवस्था गरिने छ ।गत वर्षदेखि शुरु भएको छत्रदेवालय मन्दिर (उलुक) प्रवेश गर्ने पैदलमार्गको स्तरोन्नती गर्ने कार्यलाई क्रमागत रुपमा अगाडि बढाइने छ । सिंढी र रेलिङ्ग निर्माणको काम सम्पन्न हुन गईरहेको साथै बचत भएको पैसाबाट वाल निर्माणको काम समेत सम्पन्न हुन गई रहेको सन्दर्भमा छत्रदेवालय मन्दिरमा दैनिक पुजा पाठको लागि आवश्यक व्यवस्था मिलाइनेछ र आन्तरिक पर्यटक आगमनलाई बढावा दिन प्रवर्द्धनात्मक कार्यक्रममा जोड दिईने छ ।

४२. मालिका देवालय मन्दिर (ठूलापोखरा),चिदिका कालिका मन्दिर, इमाम्बाडा, आलम मन्दिर, छत्र देवालय (उलुक), बल्कोट पौवा, केरुङ्गा कालिका मन्दिर, ताराखसे मन्दिर, माझकोट मन्दिर, विसौना क्षेत्रहरुलाई समेत समेटेर पर्यटकीय रुटको रुपमा विकास गरिनेछ । गाउँ गाउँमा पोखरी निर्माणलाई प्रोत्साहन गरिनेछ । जातीय, भाषिक, धार्मिक, साँस्कृतिक विविधता तथा जटिल भौगोलिक वनावट समेतलाई आत्मसात गरी सामाजिक सद्भाव, समानता र सहिष्णुतामा आधारित समाज निर्माण गर्ने नीति लिइने छ ।

४३. युवाहरुलाई शीपमुलक तालिम दिई स्वरोजगारीको सिर्जना गरिनेछ । युवाहरुको व्यक्तित्व विकासका लागि नेतृत्व विकास तालिमहरुको आयोजना गरिनेछ । युवाहरुको शीप, दक्षता र क्षमता विकासलाई जोड दिई विशेष शिप भएकालाईमात्र विदेशको माग बमोजिम छत्रदेवको शिर उचो राख्ने जनशक्ति विदेश पठाउने व्यवस्था गरिने छ र पलायन हुने क्रमलाई निरुत्साहित गरिनेछ । समूह गठन र समूह गतिशिलतालाई विशेष प्राथमिकता दिईने छ ।

४४. म्यालनेटा वि.पी. र छत्रदेव-२ बरकारुख बाल उद्यानहरुको स्थापना गरी बालबालिका-हरुलाई मनोरञ्जनको वातावरण प्रदान गरिने कार्यलाई अझ बढवा दिईने छ । निर्णायक तहमा बालबालिकाहरुको सहभागिता अभिवृद्धि गर्न बाल क्लबहरुको गठन तथा तिनको

विकासमा जोड दिइनेछ । नीति निर्माण गर्दा बालमैत्री कार्यक्रम अवलम्बन गरी विभिन्न क्रियाकलापहरु सञ्चालन गरिनेछ । अपाङ्ग एवम् फरक क्षमता भएका नागरिकका निम्ति **"हामी सक्छौं, हामी गर्छौं"** भन्ने कुरामा आत्मविश्वास अभिवृद्धि गर्न विशेष पहल गरिनेछ । अन्तरपुस्ता सचेतना कार्यक्रमको माध्यमद्वारा सामाजिक सद्भाव र सामाजिक परिचालनको व्यवस्था गरिने छ ।

४५. खेलकुद क्षेत्रको विकासका लागि खेलकुद मैदानहरुको निर्माण तथा खेलकुद प्रतियोगिताको आयोजना गरिने छ । यस वर्षवाट शुरु भएको अध्यक्ष कप खेलकुद प्रतियोगिता लाई निरन्तरता दिईने छ । चालु आ.व.मा रातापोखरा क्रिकेट मैदान निर्माण कार्य शुरु गरिएकोमा प्रदेश सरकारसँग समन्वय गरी यसलाई एउटा वृहत क्रमागत योजनाको रुपमा राखी कार्य अगाडी बढाइनेछ । कोल्दी पिकनिक स्पटलाई क्रमागत योजनाको रुपमा राखीसुविधा सम्पन्न पिकनिक स्पटको रुपमा विकास गरिनेछ । साथै कभर्डहल निर्माणको काम अगाडी बढीसकेकोमा यसलाई निरन्तरता दिई सम्पन्न गरिने छ ।

**सभाका सदस्यज्यूहरु,**

४६. माध्यमिक विद्यालयहरुमा विज्ञान प्रयोगशालाहरुको स्थापना तथा स्तर उन्नती गर्ने कामलाई अगाडि बढाई सकिएको सन्दर्भमा यसलाई निरन्तरता दिईने छ । चालु आ.व.मा माध्यमिक विद्यालयहरुमा इन्टरनेट सेवाको पहुँच पुऱ्याई सकिएको र आगामीआ.व.मा आधारभूत विद्यालयहरुमा पुऱ्याउने प्रयास गरिनेछ । सूचनातथा सञ्चार प्रविधिको उच्चतम प्रयोगमा जोड दिइने कुरालाई निरन्तरता दिईने छ ।

४७ बहुल सँस्कृती एवम् सम्पदाहरुको संरक्षण, सम्बर्द्धन र साँस्कृतिक सु-सम्बन्धमा आधारित समाजको निर्माण गर्दै सवै समुदायहरुको धार्मिक र साँस्कृतिक मूल्य मान्यताहरुको सम्मान गर्नेनीति अपनाइएको सन्दर्भमा **"जातीय सद्भाव र सामाजिक एकताको छत्रदेव परिवार"**हाम्रो प्रतिष्ठाको रुपमा रहनेछ । जेष्ठ नागरिकहरुलाई सम्मान गरिने कामलाई अझ व्यवस्थित गरिनेछ । जेष्ठ नागरिकका अनुभव र शीपलाई छत्रदेवको विकासमा उपयोग गर्ने नीति लिइने कामलाई मूर्तरुप दिईनेछ । महिलाको क्षमता वृद्धिका लागि शीपमुलक तालिम तथा नेतृत्व विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने कामलाई व्यापक बनाईने

छ । **"दक्ष शिपयुक्त महिला, छत्रदेवमा पहिला"**को नीतिलाई निरन्तरता दिइनेछ । यसका लागि महिला तथा बालबालिका कोषको स्थापना गरी व्यवस्थित रुपमा परिचालन गर्ने कामलाई निरन्तरता दिईने छ ।

४८. गैर सरकारी संघ सस्थाका काम कारवाहीहरु जनमुखी र नतिजा उन्मुख बनाउन कार्यक्रमहरु सञ्चालन गर्नुपूर्व अनिवार्य अनुमती लिनुपर्ने व्यवस्था गरिने छ । गैर सरकारी संघ संस्थाका कार्यक्रमहरुलाई समृद्ध छत्रदेव निर्माणको सहयोगीको रुपमा लिइनेछ । स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था बमोजिम सो कार्यलाई प्रभावकारी बनाउन

एन.जि.ओ./आई.एन.जि.ओ. डेस्क स्थापना भईसकेको सन्दर्भमा सो डेस्क मार्फत अझ प्रभावकारी बनाईने छ ।

**पुर्वाधार विकास तर्फ,**

४९. यस गाउँपालिकाको सडक सञ्जाल ब्यापक विस्तार भईसकेको सन्दर्भमा सो को स्तरोन्नती गर्न संघ र प्रदेश सरकारसँग विशेष पहल गरिनुका साथै गाउँपालिकाको आफ्नो श्रोत परिचालनमा विशेष जोड दिईने छ । **"हाम्रो सडक, हाम्रो सहभागिता, स्तरीय सडक, हाम्रो प्रतिवद्धता"** अनुरुप गाउँपालिका भित्रका सडकहरुमा स्थानीय जनताहरुको सहभागितामा नाली निर्माण कार्यक्रमलाई निरन्तरता दिईने छ ।

५०. विकासका सबै आयामहरुले समेटिएको विकासको निम्ति दीगो विकासका लक्ष्यहरु तर्फ केन्द्रित रही गतिविधिहरु अगाडी बढाइनेछ ।

५१. वातावरणीय प्रभावहरुको मूल्याङ्कन गरी सडकहरुलाई प्राथमिकताका आधारमा स्तरोन्नती गर्दै लगिनेछ । सडकको स्तरोन्नतीका लागि सम्बद्ध सबै निकायसँग समन्वय गरिनेछ । आवश्यक स्थानमा कल्भर्ट निर्माणलाई प्राथमिकता दिइनेछ । गाउँपालिका क्षेत्रभित्रका भित्रि बाटोहरुमा नालीको व्यवस्था गरी बर्षा याममा समेत ग्रामिण यातायातको सुनिश्चितता गरिनेछ । सडकहरुमा वर्षाको पानी निकासको लागि ह्यूमपाईप राख्ने कार्यलाई प्राथमिकतासाथ बजेटको व्यवस्था गरिने छ ।

५२. प्रधानमन्त्री रोजगार कार्यक्रम र मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम संघीय सरकार र प्रदेश सरकारको उद्देश्य बमोजिम प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

५३. पूर्वाधार विकासका काममा युवा र महिलाहरुलाई आकर्षित गर्ने गरी कार्यक्रम सञ्चालन गरिने छ ।

५४. योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन अनुगमन/मूल्याङ्कन विधिलाई चुस्त र नतिजामुखी बनाईने छ ।

५५. गाउँपालिका क्षेत्रभित्र रहेका आवास विहिन, अति विपन्न घर परिवारको लागि **"छत्रदेव जनता आवास कार्यक्रम"** सञ्चालन प्रक्रिया अगाडि बढाउन चालु आ.व.मा कानून निर्माण गरि जग्गा प्राप्तीको प्रक्रिया अगाडि बढाई सकिएको र आगामी आ.व.मा एकीकृत वस्ती विकासको स्वरुपमा आवास निर्माण गर्ने प्रक्रियालाई बजेट ब्यवस्था सहित प्राथमिकता दिईनेछ । **"जसको जमिन, उसको आकास"**को आधारमा आवाशीय पक्षमा ध्यान दिईने छ ।

५६. स्थायी संरचनाहरुलाई सुरक्षित बनाउन भवन मापदण्ड लागु गरिनेछ । छत्रदेव गाउँपालिका क्षेत्र भित्र निर्माण हुने संरचनाहरु भुकम्प प्रतिरोधी बनाउन मापदण्डको कार्यान्वयनमा जोड दिइने कामलाई प्राथमिकता दिईने छ ।

५७ निर्मित संरचनाहरुको मर्मत संभारको लागि एक मर्मत संभार कोष रहने छ ।

५८. कम पानीवाट पनि सिंचाइको व्यवस्था मिलाउनको लागि प्लाष्टिक पोखरी र थोपा सिंचाइको व्यवस्थालाई प्राथमिकता दिईने छ । उत्कृष्ट कृषकहरुलाई सिमेन्ट पोखरीको व्यवस्था मिलाइने कुरा प्राथमिकतामा राखिने छ ।

५९. छत्रदेव गाउँपालिका भित्र पुर्वाधार निर्माण गर्दा महिलामैत्री, बालमैत्री, अपाङ्गमैत्री तथा वातावरणमैत्री संरचना निर्माणमा जोड दिई कार्यान्वयन गरिनेछ ।

६०. गाउँपालिका केन्द्र नजिक स्मार्ट छत्रदेव आवाशीय क्षेत्रको विकासको लागि डि.पि.आर. तयार गरी कार्यान्वयन प्रक्रिया अगाडि बढाईनेछ ।

६१. यस गाउँपालिकामा यसै आर्थिक वर्ष भित्र तीन वटा **हेली प्याड (वडा नं ४ र ८)** निर्माण भई सकेका र अन्य वडाहरुमा पनि आवश्यकतानुसार हेलिप्याड निर्माण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

६२. वडाहरुबाट प्राप्त सम्पुर्ण योजनाहरुको परियोजना बैंक (Project Bank) तयार गरिने छ ।

६३. छत्रदेव गाउँपालिकाको विकासको लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यकालिन तथा दीर्घकालिन विकास योजना बनाई कार्यान्वयन गरिने छ ।

६४. उपयुक्त स्थानहरुको पहिचान गरी नमूनाको रुपमा ईको सिटी र टुरिजम सिटी निर्माणको लागि आवश्यक अध्ययन प्रक्रियालाई अगाडि बढाईने छ ।

**सभाका सदस्यज्यूहरु,**

६५. छत्रदेव गाउँपालिका काठे पोलमुक्त गाउँपालिका बनिसकेको अवस्थामा चालु आ.व.मा दुई स्थानमा झोलुङगे पुलहरु निर्माण हुने प्रक्रियामा रहेका र आवश्यकतानुसार अन्य स्थानहरुमा पनि झोलुङगे पुल बनाउने अभियानलाई निरन्तरता दिइनेछ ।

६६. **"उज्यालो छत्रदेव कार्यक्रम"** अर्न्तगत सौर्य सडक बत्तीहरु मार्फत सडक उज्यालो पार्ने कार्यलाई ब्यापक रुपमा अगाडि बढाईएको र विद्यालय, मठ मन्दिर, दलित वस्तीहरुमा कार्यक्रम कार्यान्वयन भईसकेको अवस्थामा चालु आ.व.मा बाँकी रहेका अन्य क्षेत्रहरु पहिचान गरि सौर्य उर्जा उपकरण जडानका लागिविशेष पहल गरिनेछ ।

६७ **"दलित घर उज्यालो कार्यक्रम"**को शुरुवात गरी सकिएको छ । यसै वर्ष वडा नं. १ देखि वडा नं. **८** सम्मका सम्पुर्ण दलित परिवारका घर धुरीमा सौर्य बत्ति जडान भई सक्ने छन् । आगामी वर्ष अन्य महत्वपूर्ण क्षेत्रहरुमा सौर्य वत्ति जडान गरिने छ ।

६८. वायु उर्जाको लागि सम्भाव्य स्थानहरुको पहिचान गरी सो को प्रक्रिया अगाडि बढाई सकिएको सन्दर्भमा आगामी आ.व.मा सो कार्यान्वयनको लागि विशेष पहल गरिने छ ।

**वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी,**

६९. **"छत्रदेवको वन, समग्र नागरिकको धन"** भन्ने नीति अनुरुप वनको वैज्ञानिक व्यवस्थापन गरी स्थानीय समुदायलाई त्यसबाट मनग्य आम्दानी गर्ने व्यवस्थालाई निरन्तरता दिईन

छाजथाभावी वन कटानी कार्यलाई नियन्त्रण गरिनेछ । वनजंगलको संरक्षणमा स्थानीयवासीलाई अभिप्रेरित गर्ने कार्यलाई प्राथमिकता दिईने छ । दाउराको प्रयोगलाई घटाउन सुधारिएको मेटालिक चुलो, बायोग्याँस र ब्रिकेट आदिको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

७०· जैविक विविधताको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन र सदुपयोगमा जोड दिइने कार्यलाई प्राथमिकता दिईनेछ ।

७१· स्थानिय श्रोत, साधन र शीपको प्रयोगलाई बढावा दिन अत्यावश्यक वाहेक हेभी इक्विपमेन्टको प्रयोगलाई निरुत्साहित गरिनेछ । प्रचलित कानून बमोजिम आई.ई.ई. गरेर मात्र सडक खन्ने, माटो, बालुवा, ढुङ्गा उत्खनन गर्ने कार्य गरिनेछ । यस गा.पा.मा उपलब्ध हुन सक्ने खानी तथा खनिज जन्य पदार्थको अन्वेषण/उत्खननको कार्य अगाडि बढाईने छ ।

**सभाका सदस्यज्यूहरु,**

७२· जरे खोला, खर्ज्याङ् खोला, सौर्य खोला, शेरी खोला, बगाहा खोला, बौवा खोला लगायतका खोलाहरुबाट हुने कटान रोक्न खोला लगायत भू-क्षय हुने स्थान एवं तटहरुमा तटबन्धको व्यवस्था गर्न विशेष प्राथमिकता दिईने छ ।

७३· विपदसँग जुध्न स्थानीय स्तरमा दैवी प्रकोप उद्धार कोषको परिचालन, दैवी प्रकोप उद्धार सामाग्री भण्डारण, दक्ष जनशक्तिको विकास, विपद् प्रतिकार्य योजनाको तर्जुमा र कार्यान्वयन गर्ने कार्यलाई विशेष प्राथमिकतासाथ निरन्तरता दिईने छ ।

**संस्थागत विकास, सेवा प्रवाह र सुशासन सम्बन्धमा,**

७४· सार्वजनिक सेवा प्रवाहलाई जनउत्तरदायी तथा नतिजामुखी बनाइने छ । सार्वजनिक निकायमा **"मुस्कान सहितको सेवाप्रवाह"**मा उत्कृष्ट दक्षता प्रदर्शन गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने कार्यलाई कार्यान्वयन गरिनेछ । सार्वजनिक सेवा प्रवाहको लागि गाँउपालिका र वडा कार्यालयहरुमा नागरिक वडापत्र कार्यान्वयनमा ल्याईसकिएको छ । सो को प्रभावकारी कार्यान्वयनमा जनचेतना अभिबृद्धि गरिने छ । क्षतिपूर्ति सहितको नागरिक बडापत्र कार्यान्वयनमा विशेष पहल गरिने छ ।

७५· स्थानीय तहको अधिकार समवन्धी व्यवस्था कार्यान्वयन गर्न तथा संघ, प्रदेश र स्थानीय तह बीचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता, सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने सम्बन्धमा भएको कानूनी व्यवस्था रहेको सन्दर्भमा, समयमै गुणस्तरीय निर्माण कार्य सम्पन्न गर्न जोड दिईने छ । सार्वजनिक खरिद प्रक्रियामा सुधारको लागि आवश्यक कानून निर्माण गरी सरलीकरण प्रक्रिया अवलम्बन गरिने छ।

७६. छत्रदेव गाउँपालिका भित्रका विद्यालय, स्वास्थ्य संस्थाहरु र अन्य सरकारी कार्यालयहरुमा बिद्युतीय हाजिरी र इन्टरनेट सेवा पुऱ्याइनेछ ।

७७ सेवाग्राहीलाई सम्मानपुर्वक सेवा प्राप्त गर्ने अवसर सिर्जना गरिनेछ । सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, भरपर्दो, नागरिकमैत्री बनाई सुशासनको प्रत्यक्ष अनुभूती दिलाइनेछ । सेवाग्राहीका गुनासा तथा सुझावहरु सम्बन्धित निकाय र पदाधिकारी समक्ष सोझै पठाउने सक्ने व्यवस्था मिलाइनेछ । कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धिका लागि कार्यक्रमहरु सञ्चालन गरिने छ ।

७८. अन्य स्थानीय सरकारहरुको अनुभवबाट सिक्न र गाउँपालिकामा अवलम्वन गर्न प्रतिनिधि/कर्मचारी सम्मिलित अध्ययन, अवलोकन भ्रमण कार्यक्रमको व्यवस्था गरिने छ ।

७९. नागरिकलाई शीघ्रातिशीघ्र सूचना प्रदान गर्न गाउँपालिकाको वेवसाइट नियमित अपडेट गरीसूचना सार्वजनिक गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ । गाउँपालिकाको वार्षिक कार्यक्रम तथा बजेट, कानून, निर्णय, वेवसाइट, पुस्तिका प्रकाशन, स्थानीय पत्रपत्रिका, एफ.एम. मार्फत सार्वजनिकीकरण गरिने कार्यलाई प्राथमिकता दिईने छ । सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेहरुको नामावली वडा कार्यालयको सूचना पाटी र कार्यालयको वेवसाइट मार्फत सार्वजनिक गरिनेछ । कार्यालयका गतिविधिहरु सार्वजनिक सुनुवाई, सार्वजनिक लेखापरिक्षण र होर्डिङ्ग बोर्ड मार्फत सार्वजनिक गर्दै नागरिकको सूचनाको हकको सम्मान गर्ने कार्यलाई अझ प्रभावकारी बनाईनेछ । छत्रदेवको स्थानीय सरकार खुल्ला सरकारको अनुभूति गराइने छ ।

८०. गाउँपालिकामा एक व्यवस्थित सूचना तथा अभिलेख केन्द्रको स्थापना गर्ने साथै गाउपालिका भित्ररहेका प्रत्येक घर परिवारको पूर्ण लगत राख्ने कार्य गरिनेछ । गाउँपालिकाबाट वडा कार्यालय, पदाधिकारी तथा कर्मचारीहरुलाई गरिने पत्राचारमा एस.एम.एस. प्रणालीको अवलम्बन गर्ने कार्यलाई निरन्तरता दिंदै अत्याधुनिक प्रविधि अवलम्वन गर्ने कार्यलाई विशेष प्राथमिकता दिईने छ ।

८१. गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्थाहरुका लागि आवश्यक फर्निचर, मेशीनरी औजार लगायत पूर्वाधारको व्यवस्थापन गरी उचित कार्य वातावरणको सिर्जना गरिनेछ । कर्मचारीको क्षमता विकासका लागि तालिम कार्यक्रम सञ्चालन गरिनेछ ।

८२. गाउँपालिकाले सञ्चालन गर्ने कार्यक्रमहरुमा नागरिकको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने कार्यलाई आवश्यक अध्ययन गरी उपयूक्त नीति अवलम्वन गरिने छ । वार्षिक विकास कार्यक्रमहरुको छनौट, कार्यान्वयन, अनुगमनमा सार्वजनिक, निजि र सहकारी क्षेत्रको सहभागितामूलक योजना पद्धतिको अवलम्बन गरिनेछ । सहकारी संस्थाहरुसँग रहेको पैसालाई यहाँको विकास योजनाहरुमा लगानी गर्न विशेष प्रयास गरिने छ । विकासका गतिविधिमा नागरिक अपनत्व अभिवृद्धिमा विशेष जोड दिइनेछ ।

८३· न्यायिक समितिको कामलाई अझ प्रभावकारी बनाईने छ । समाजमा व्याप्त महिला हिंसालाई रोक्न सामाजिक अभियान सञ्चालन गरिने छ । समाजमा दबिएर रहेका हिंसा जन्य गतिविधि रोक्न न्यायिक समितिलाई बजेटको व्यवस्था गरी सरकारी/गैरसरकारी संस्थाहरुसँग आवश्यक समन्वय गरिने छ ।

**उपस्थित सम्पुर्ण सदस्यज्यू,**
**स्रोत परिचालन तथा राजश्व सम्बन्धी,**

८४· आफैमा धान्न सकिने अर्थतन्त्रको विकासको अभ्यास स्वरुप गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधनहरुको समुचित उपयोगबाट आन्तरिक आयमा जोड दिइनेछ । कर तिर्नु नागरिक कर्तव्य भएको हुँदा नागरिकलाई करमैत्री वातावरणको सिर्जना गरी कर तिर्न प्रोत्साहित गरिनेछ । **"हामीले तिरेको कर, हाम्रै विकासका लागि"** भन्ने भावना जागृत गराउन प्राप्त कर तथा अनुदान रकमलाई समृद्ध गाउँपालिका निर्माणमा उपयोग गरिनेछ । करको दायरालाई फराकिलो पार्दै करको दरलाई समय सापेक्ष बनाउँदै लगिनेछ ।

**अन्त्यमा,**

गत आ.व.हरुमा कार्यान्वयन भएका योजना र कार्यक्रमहरुबाट सकारात्मक परिणामहरु देखिएका साथै चालु आ.व.को समाप्तिसँगै हाम्रो यस छत्रदेव गाउँपालिकाले विकासको क्षेत्रमा नयाँ मोड लिने प्रशस्त आधारहरु तयार भएका छन । संघ एवं प्रदेश सरकारद्वारा स्थानीय सरकारलाई समेट्ने गरी निर्माण भएका कानून एवम् गाउँपालिकाबाट निर्मित कानून वमोजिम सरकार सञ्चालनका महत्वपूर्ण आधारहरु तयार भएका छन । नीति, कार्यक्रम, बजेट एवं योजना तर्जुमा र कार्यान्वयनका हालसम्मका हाम्रा अभ्यासहरु निर्मित कानूनहरुको आधारमासमेत आगामी दिनहरु अझ सहज हुने कुरामा विशवास लिन सकिन्छ ।

गत दुई आर्थिक वर्षहरुमा विगतमा जनप्रतिनिधि विहिन अवस्थामा भन्दा सामाजिक आर्थिक विकास तथा रुपान्तरणमा धेरै परिवर्तन आएको अनुभूति गरिएको छ । पारदर्शी सँस्कृती अवलम्बन गरेका छौं । स्थानीय जनतालाई निरन्तर सेवा प्रवाह गर्ने जनप्रतिनिधि साथै आम कर्मचारीहरु प्रति आभार व्यक्त गर्न चाहन्छु साथै समुन्नत र समृद्ध छत्रदेव निर्माणमा लाग्नुहुने सम्पूर्ण राजनीतिक दल, निजि क्षेत्र, सहकारी क्षेत्र, राष्ट्र सेवक कर्मचारी विभिन्न तह र तप्काका महानुभावहरुप्रति हार्दिक आभार व्यक्त गर्दै स्थानीय सरकारको रुपमा सेवा गर्ने अवसर प्राप्त भएको यस घडीमा जहाँ सुकै रहनु बस्नु भएका सम्पुर्ण छत्रदेववासीहरु आमा-बुबा, दाजु-भाइ,/दिदी-बहिनीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछुर प्रस्तुत नीति र कार्यक्रम कार्यान्वयनमा सबै पक्षको सहयोग मिल्ने छ भन्ने कुरामा पूर्ण विश्वास लिन चाहन्छु ।

**जय छत्रदेव !**

**लेखनाथ पोखेल**
**अध्यक्ष**
**छत्रदेव गाउँपालिका**
**छत्रगञ्ज - अर्घाखाँची**
**मिति २०७६/०३/०७ गते, शनिवार**